२००३

# नेपाली

## पहिलो पत्र

## प्रथमार्द्ध

## (सामान्य भाषा विज्ञान)

समय : दुइ घण्टा पूर्णाङ्क : ४२

1. तुलनात्मक भाषाविज्ञानको परिचय दिएर भाषा-अध्ययनमा यसको कस्तो महत्त्व रहेको हुन्छ ? स्पष्ट पार्नुहोस् । १६

**अथवा,**

भाषालाई परिभाषित गरेर यसको प्रकृति र स्वरूपको विवेचना गर्नुहोस् ।

2. भारोपीय भाषा परिवारका प्रमुख विशेषताहरूको उल्लेख पूर्वक आर्य-इरानेली भाषाहरूको सोदाहरण परिचय दिनुहोस् । १६

**अथवा,**

नेपाली भाषाबाट उदाहरण दिँदै घोष-अघोष र प्राणत्त्वका आधारमा व्यञ्जन वर्णहरूको वर्गीकरण गर्नुहोस् ।



3. कुनै **दुइ** विषयमा टिप्पणी लेख्नुहोस् :

(क) भाषाविज्ञान र व्याकरण ।

(ख) अर्थ परिवर्तनका कारण र दिशा ।

(ग) समाज भाषा विज्ञान ।

(घ) महाप्राणीभवन र अल्पप्राणीभवन ।

२००३

# नेपाली

## पहिलो पत्र

## द्वितीयार्द्ध

## (नेपाली भाषाको अध्ययन)

समय : दुइ घण्टा पूर्णाङ्क : ४२

१. नेपाली भाषाको विकासका चरणहरूको चर्चा गरेर प्राचीन र मध्यकालीन नेपाली भाषा-स्वरूपको सोदाहरण विवेचना गर्नुहोस् । १६

**अथवा,**

भाषा र भाषिकाको भेद-साम्य निरूपण गरेर नेपाली भाषाका भाषिकाहरूको सोदाहरण परिचय दिनुहोस् ।

२. नेपाली भाषाका व्यञ्जन ध्वनिहरूको वर्गीकरण गरी ध्वनि परिवर्तनका दिशाको उदाहरणसहित निरूपण गर्नुहोस् । १६

**अथवा,**

नेपाली भाषाको अध्ययन परम्परामा विभाषी विद्वानहरूले दिएका अवदानको मूल्याङ्कन गर्नुहोस् ।



३. कुनै **दुइ** विषयमा टिप्पणी लेख्नुहोस् : (५+५)=१०

(क) झर्रोवादी आन्दोलनको उद्देश्य र उपलब्धि ।

(ख) शब्दनिर्माणमा उपसर्ग र परसर्गको भूमिका ।

(ग) कृत् र तद्धित प्रत्यय ।

(घ) नेपाली क्रियापदका काल ।

२००३

# नेपाली

## दोस्रो पत्र

## प्रथमार्द्ध

## (साहित्येतिहास र नेपाली साहित्यको इतिहास : प्राक्-आधुनिक काल)

समय : दुइ घण्टा पूर्णाङ्क : ४२

१. साहित्येतिहासको अर्थ र आवश्यकतामाथि प्रकाश पारी साहित्येतिहास र साहित्यालोचन माझ पाइने साम्य-वैषम्य निरूपण गर्नुहोस् । १६

**अथवा,**

प्राथमिककालीन नेपाली साहित्यका आधारभूत स्रोत र प्रमुख प्रवृत्तिहरूको समीक्षात्मक चर्चा गर्नुहोस् ।

२. माध्यमिककालीन नेपाली नाटक-साहित्यको समीक्षात्मक इतिहास प्रस्तुत गरी यस कालका प्रमुख नाटक र नाटककारहरूको परिचय दिनुहोस् । १६

**अथवा,**

माध्यमिककालीन नेपाली साहित्येतिहास लेखनको पृष्ठभूमि उल्लेख गरी यस कालका मूलभूत प्रवृत्तिहरूको विवेचना गर्नुहोस् ।

३. निम्न विषयहरूमध्ये कुनै **दुइवटाबारे** टिप्पणी लेख्नुहोस् : ५×२=१०

(क) नेपाली सवाई काव्य ।

(ख) नेपाली साहित्यमा निर्गुण काव्यधारा ।

(ग) गोर्खा भाषा प्रचारिणी समिति ।

(घ) मोती मण्डली ।

PG I (DE) / 2003

२००३

# नेपाली

## दोस्रो पत्र

## द्वितीयार्द्ध

## (आधुनिक नेपाली साहित्यको इतिहास)

समय : दुइ घण्टा पूर्णाङ्क : ४२

१. साहित्यमा आधुनिकता भन्नाले के बुझिन्छ सो स्पष्ट पारी आधुनिक नेपाली कवितामा देखापरेका विविध धारा-उपधाराहरूको सिंहावलोकन गर्नुहोस् । १६

**अथवा,**

आधुनिक नेपाली उपन्यास साहित्यको विकासबारे समीक्षात्मक चर्चा गर्दै यसका विविध स्वरहरूको निरूपण गर्नुहोस् ।

२. साहित्यिक समालोचनाका विविध पद्धति र मानदण्डहरूको परिचय दिएर आधुनिक नेपाली समालोचना साहित्यको परिचयात्मक इतिहास प्रस्तुत गर्नुहोस् । १६

**अथवा,**

आधुनिक नेपाली निबन्ध साहित्यको विकास प्रक्रिया र यसका विविध लेखन-शैलीहरूको विशद विवेचना गर्नुहोस् ।

३. निम्न विषयहरू मध्ये कुनै **दुइवटाबारे** टिप्पणी लेख्नुहोस् : ५×२=१०

(क) प्रयोगवादी नेपाली नाटक ।

(ख) 'भारती' पत्रिकाको साहित्यिक योगदान ।

(ग) असम-पूर्वाञ्चलमा नेपाली साहित्यको गतिविधि ।

(घ) साहित्यमा उत्तर-आधुनिकता ।

२००३

# नेपाली

## तेस्रो पत्र

## (कविता)

## प्रथमार्द्ध

## (प्रारम्भदेखि लक्ष्मीप्रसाद देवकोटासम्म)

समय : दुइ घण्टा पूर्णाङ्क : ४२

१. नेपाली कविताको वीरधाराको परिचय दिएर भाव, भाषा र भावाभिव्यक्तिका दृष्टिले यदुनाथ पोखरेलको स्तुतिपद्य-१''-को विश्लेषण र मूल्याङ्कन गर्नुहोस् । १६

**अथवा,**

नेपाली भक्ति काव्यको स्रोत र परम्परा उल्लेख गर्दै भानुभक्तीय रामायणमा पाइने आध्यात्मिक भक्ति भावको विवेचनात्मक अध्ययन प्रस्तुत गर्नुहोस् ।

२. गजलको परिचय दिएर र नेपाली-गजल परम्पराको उल्लेख गरेर मोतीराम भट्टका गजलहरूको विवेचना गर्नुहोस् । १६

**अथवा,**

महाकवि लक्ष्मीप्रसाद देवकोटालाई रोमाण्टिक कविका रूपमा चिनाउँदै उनको ''प्रमिथस'' महाकाव्यमा पाइने मानवतावादी स्वरको विवेचना गर्नुहोस् ।

( 2 )

३. कुनै **दुइ** विषयमा टिप्पणी लेख्नुहोस् : ५×२=१०

(क) ''तरूण तपसी''-मा पाइने सामाजिक सन्दर्भ ।

(ख) पद्य-कविता र गद्य-कविता ।

(ग) पतञ्जलि गजुरेलका कविताहरू ।

(घ) ''सूक्तिसिन्धु (फेरि)'' भित्रका कवि शम्भुप्रसाद ढुङ्गेल ।

---

२००३

# नेपाली

## तेस्रो पत्र

## (कविता)

## द्वितीयार्द्ध

## (समदेखि ओकिउयामा ग्वाइनसम्म)

समय : दुइ घण्टा पूर्णाङ्क : ४२

१. गद्य कविताको अर्थ, परिभाषा र स्वरूपको परिचय दिएर 'गंगा प्रवास'-को शैलीपक्षको समीक्षात्मक अध्ययन प्रस्तुत गर्नुहोस। १६

**अथवा,**

नेपाली खण्डकाव्यको परम्परामा बालकृष्ण समको 'आगो र पानी' खण्डकाव्यको स्थान निर्धारण गर्दै यसको विचार-पक्षको समीक्षा र मूल्याङ्कन गर्नुहोस् ।

२. युगबोध आधुनिक गद्य कविताको एउटा मूलस्वर नै हो भन्ने तर्कमाथि आफ्नो मत प्रकट गर्दै कवि गोपाल प्रसाद रिमालका कविताहरूमा पाइने युगबोधको विश्लेषणात्मक अध्ययन प्रस्तुत गर्नुहोस् । १६

**अथवा,**



कवि ओकिउयामा ग्वाइनका काव्य-प्रवृत्तिको परिचय दिँदै "चित्रलेखा" – भित्रका कविताहरूको विश्लेषण र मूल्याङ्कन् गर्नुहोस् ।

३. कुनै **दुइ** विषय बारे टिप्पणी लेख्नुहोस् : ५×२=१०

(क) कवि अगमसिंह गिरीको काव्यचेतना ।

(ख) कवि भूपि शेरचनको व्यङ्ग्यात्मक गद्य-शैली ।

(ग) वैरागी काईंलाको काव्य-गरिमा ।

(घ) 'फर्सीको जरा'-को कथ्य ।

२००३

# नेपाली

## चौथो पत्र

## (नेपाली गद्याख्यान)

## प्रथमार्द्ध

## (नेपाली कथा)

समय : दुइ घण्टा पूर्णाङ्क : ४२

१. कथा-लेखनमा दृष्टिकोण-विधानका विविध उपाय र महत्त्वबारे जानकारी दिएर शिवकुमार राईका कथामा ती विविध उपायहरूको प्रयोग केलाएर देखाउनुहोस् । १६

**अथवा,**

रतिरागकेन्द्रित कथा-लेखनका निम्ति भवानी भिक्षुले चुनेका आख्यानात्मक जुक्ति र उपायहरूको लेखो लगाउँदै तिनका दृष्टान्तका रूपमा 'मैयाँ-साहेब' भित्रका कथाहरूको विश्लेषण गर्नुहोस् ।

२. साहित्यको विधा विशेषका रूपमा कथाको आयतन र स्वरूपबारे विद्वान् एवं कथा-स्रष्टाहरूले प्रतिपादन गरेका मतहरूको परिचय दिएर गोविन्दबहादुर मल्ल 'गोठाले' का पठित कथाहरूका आधारमा ती मतहरूको समीक्षा गर्नुहोस् । १६

**अथवा,**

'विपना कतिपय'-का कथाकारले वरण गरेको यथार्थवादिता र त्यसको अङ्कन परिपाटीबारे सविस्तार विवेचना गर्नुहोस् ।

३. टिप्पणी लेख्नुहोस् (कुनै **दुइ**) : ५×२=१०

(क) 'नासो'-को कथा-रेखा ।

(ख) 'तिउरीको फूल, पाइरियाको गन्ध'-को प्रतिपाद्य ।

(ग) 'स्वास्नीमान्छे'-कथाको कथनाभिप्राय ।

(घ) 'कथा-नवरत्न'-का कथाको रत्नत्व ।

२००३

# नेपाली

## चौथो पत्र

## (नेपाली गद्याख्यान)

## द्वितीयार्द्ध

## (नेपाली उपन्यास)

समय : दुइ घण्टा पूर्णाङ्क : ४२

१. लैनसिंह बाङ्गदेलका औपन्यासिक प्रवृत्तिहरूको रेखाङ्कन गरी 'लङ्गड़ाको साथी'-का आधारमा उनको उपन्यास-कलाको विश्लेषण र मूल्याङ्कन गर्नुहोस् । १६

**अथवा,**

इन्द्रसुन्दासका औपन्यासिक प्रवृत्तिहरूको रेखाङ्कन गरी ''जुनेली रेखा''-को विश्लेषण र मूल्याङ्कन गर्नुहोस् ।

२. उपन्यासकारका रूपमा विजय मल्लले गरेका योगदानको पारखं गर्दै पुरुषप्रधान समाजतन्त्रभित्र संघर्षशील नारी-अस्तित्वको उद्घाटनका दृष्टिले 'अनुराधा' उपन्यासको विश्लेषण र मूल्याङ्कन गर्नुहोस् । १६

**अथवा,**

नर-नारी प्रेमको त्रिकोणात्मक प्रस्तुतिका रूपमा

विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासको वैशिष्ट्य केलाउँदै 'सुम्निमा' उपन्यासमा यसको प्रतिफलनको विश्लेषण र मूल्याङ्कन गर्नुहोस् ।

३. कुनै **दुइवटा** विषयमा टिप्पणी लेख्नुहोस् : ५×२=१०

(क) 'शिरीषको फूल'-मा प्रतीक-प्रयोग ।

(ख) ध्रुवचन्द्र गौतमका उपन्यासमा 'श्याम हास्य' ।

(ग) 'आज रमिता छ'-को बहुकेन्द्री संरचना ।

(घ) उपन्यासमा लयान्विति ।

२००३

# नेपाली

## पाँचौं पत्र

## (नाटक)

## द्वितीयार्द्ध

## (रिमालदेखि यताका नेपाली नाटक)

समय : दुइ घण्टा पूर्णाङ्क : ४२

१. 'भूसको आगो' नाटकका आधारमा गोबिन्दबहादुर मल्ल 'गोठाले'-को नाट्यकारिताको चर्चा गर्दै नेपाली नाटकको विकासमा उनले गरेका योगदानको मूल्याङ्कन गर्नुहोस् । १६

**अथवा,**

'पाँच ऐतिहासिक एकाङ्की'– संग्रहको ऐतिहासिक महत्त्व स्पष्ट पार्दै यस कृतिका आधारमा भीमनिधि तिवारीका एकाङ्कीगत प्रवृत्तिहरूको विश्लेषण गर्नुहोस् ।

२. आधुनिक नेपाली एकाङ्कीका क्षेत्रमा मनबहादुर मुखियाको भूमिकाको चर्चा गर्दै 'अँध्यारोमा बाँच्नेहरू' – एकाङ्कीका शैलीगत विशेषताहरू केलाएर देखाउनुहोस् । १६

**अथवा,**

'जिँउदो लास' नाटकमा प्रतीक-प्रयोगको विवेचना गर्दै नेपाली नाटकको प्रवृत्तिगत विकासमा यसले पुऱ्याएको योगदानको मूल्याङ्कन गर्नुहोस् ।

३. कुनै **दुइ** बिषयबारे टिप्पणी लेख्नुहोस् : ५×२=१०

(क) 'भित्तेघड़ी' – एकाङ्कीको आशय ।

(ख) 'संयोग-वियोग'-मा हास्यात्मकता ।

(ग) 'म भात खान्नँ'–का एकाङ्कीकार ।

(घ) 'मसान' को शीर्षकौचित्य ।

२००३

# नेपाली

## पाँचौं पत्र

## (नाटक)

## प्रथमार्द्ध

## (नाट्य-सिद्धान्त र रिमालपूर्वको नेपाली नाटक)

समय : दुइ घण्टा पूर्णाङ्क : ४२

१. नाटकको उत्पत्तिबारे देखिएका विभिन्न मत-मतान्तरहरूको समीक्षा गर्दै – यसबारे आफ्नो मत पनि प्रकट गर्नुहोस् । १६

**अथवा,**

अवस्था-भेदका आधारमा पाइने नायिकाका विभिन्न प्रकारहरूको चर्चा गर्दै 'प्रियदर्शिका' – नाटिकाका नारी-चरित्रका विशेषता केलाएर देखाउनुहोस् ।

२. 'अटलबहादुर' नाटकलाई मौलिक नाटक भन्न सकिने कारणहरू दर्शाएर यसको शिल्प-शैली र भाषा प्रयोगको विश्लेषणात्मक अध्ययन प्रस्तुत गर्नुहोस् । १६

**अथवा,**

वस्तु-तत्त्व र शिल्प-तत्त्वका दृष्टिले 'अन्धवेग' नाटकको समीक्षा र मूल्याङ्कन गर्नुहोस् ।

P.T.O.

३. कुनै **दुइ** विषयबारे टिप्पणी लेख्नुहोस् : ५×२=१०

(क) नाटकमा नेपथ्य कथन ।

(ख) नाटककार शम्भुप्रसाद ढुङ्गेल ।

(ग) हिरण्यकशिपु ।

(घ) नाटिका ।

२००३

# नेपाली

## छैटौं पत्र

(साहित्यतत्व, साहित्व सिद्धान्त र समालोचना पद्धति)

(प्रथमार्द्ध)

(साहित्यत्त्व र पूर्वीय साहित्य सिद्धान्त)

समय : दुइ घण्टा पूर्णाङ्क : ३५

१। काव्यमा रसको स्थाननिर्धारण गरेर रस परिपाक सोदाहरण विश्लेषण गर्नुहोस्। १८

अथवा

भारतीय काव्यशास्त्र सम्बन्धी चिन्तन परम्पराको परिचय दिएर आचार्य मम्मट प्रतिपादित काव्य-लक्षणको व्याख्या गर्नुहोस्।

२। 'काव्यगुण' भन्नाले के बुझिन्छ ? काव्यमा गुणको कस्तो स्थान रहेको हुन्छ, स्पष्ट पारेर गुणका भेदहरूको सोदाहरण परिचय दिनुहोस्। १७

अथवा

काव्यार्थ बोधमा लक्षणा शब्दशक्तिको के-कस्तो प्रयोजन छ ? स्पष्ट पार्नुहोस् र लक्षणाका भेद-उपभेदहरूको सोदाहरण परिचय पनि दिनुहोस्।

२००३

# नेपाली

छैटौं पत्र

(साहित्यतत्व, साहित्व सिद्धान्त र समालोचना पद्धति)

(द्वितीयार्द्ध)

(पाश्चात्य साहित्य सिद्धान्त र समालोचना पद्धति)

समय : दुइ घण्टा पूर्णाङ्क : ३५

१। सैद्धान्तिक समालोचनाको विकासमा एरिस्टोटलले गरेका योगदानको मूल्याङ्कन गर्दै काव्यबारे अका प्रमुख अवधारणाको समीक्षा गर्नुहोस्। १८

अथवा

बेनेदित्तो क्रोचेलाई 'कलाका कोलम्बस' भन्नाको औचित्य बारे विचार प्रकट गर्दै कलाको मौलिक स्वरूप र प्रकृतिबारे उनले अभिव्यक्त गरेका मतको समीक्षा गर्नुहोस्।

२। साहित्य-अध्ययनको वस्तुनिष्ठ पद्धतिको विकासक्रम पहिल्याउँदै अमेरिकेली नवआलोचकहरूले यस सन्दर्भमा प्रतिपादन गरेका प्रमुख अवधारणाहरू सोदाहरण चिनाउनुहोस्। १७

अथवा

साहित्य अध्ययनका निम्नलिखित पद्धतिको टिप्पणी लेख्नुहोस् :

८½x२=१७

(अ) शैलीविज्ञान।

(आ) संरचनावाद।

२००३

# नेपाली

## सातैं पत्र

## (नेपाली गद्य साहित्य)

## (प्रथमार्द्ध)

## (नेपाली निबन्ध)

समय : दुइ घण्टा पूर्णाङ्क : ३५

१। नेपाली निबन्धको उद्‌भव र विकासबारे विस्तृत जादकारी प्रस्तुत गर्दै निबन्धकार बालकृष्ण समको 'बर्दहामा शिकार' निबन्धको विश्लेषणात्मक अध्ययन प्रस्तुत गर्नुहोस्। १८

अथवा

'नेपाली हाम्रो मातृभाषा' - निबन्धका आधारमा निबन्धकार पारसमणि प्रधानको गद्धशैली र विचार-पक्षका सोदाहरण समीक्षा गर्नुहोस्।

२। आत्मपरक निबन्धको परम्परामा शंकर लामिदानेको स्थान निर्धारण गर्दै उनको निबन्ध संग्रह 'एब्स्टयाकट चिन्तन प्याज' - को प्रस्तुतीकरण कथ्यमाथि प्रकाश पार्नुहोस् । १७

अथवा

समीक्षात्मक टिप्पणी लेखनुहोस् :-

(क) 'पेढ़ेको मुर्ख'।

(ख) 'जय भुड़ी' - को निबन्धात्मकता ।

२००३

# नेपाली

सातौं पत्र
(नेपाली गद्य साहित्य)
(द्वितीयार्द्ध)
(नेपाली समालोचना)

समय : दुइ घण्टा पूर्णाङ्क : ३५

१। नेपाली समालोचनाको विकास प्रक्रियामाथि प्रकाश पार्दै यसमा प्रयुक्त विभिन्न पद्धतिहरूको विशद् चर्चा गर्नुहोस्। १८

अथवा

साहित्यिक चर्चाका आधारमा यदुनाथ खनालका समालोचनात्मक प्रवृत्तिहरूको विवेचना गर्नुहोस्।

२। गुणदोषात्मक र तुलनात्मक पद्धतिका आधारमा रामकृष्ण शर्माको ''सप्तशारदीय'' को विवेचना र मूल्याङ्कन गर्नुहोस्। १७

अथवा

कुमार प्रधानले उनको ''गिरीका कवितामा जातीय भावना'' - भन्ने समालोचनात्मक लेखमा व्यक्त गरेका विचारहरूको समीक्षा गर्नुहोस्।

२००३

# नेपाली

आठौं पत्र

(तुलनात्मक भारतीय साहित्य र विश्व साहित्यको सर्वेक्षण)

(प्रथमार्द्ध)

(तुलनात्मक भारतीय साहित्य)

समय : दुइ घण्टा पूर्णाङ्क : ३५

१। तुलनात्मक साहित्यबारे पाश्चात्य विद्वान्हरूले गरेका मन्तव्यहरू को विवेचना गर्नुहोस्। १८

अथवा

तुलनात्मक साहित्य अध्ययनका विभिन्न आधारहरूको समीक्षात्मक चर्चा गर्नुहोस्।

२। तुलनात्मक साहित्य अध्ययनको औचित्य र प्रयोजनबारे एउटा विवेचनात्मक लेख लेख्नुहोस्। १७

अथवा

हिन्दी र नेपाली साहित्यका तुलनीय पक्षहरूमाथि प्रकाश पार्दै गुरूप्रसाद मैनाली र प्रेमचन्दका कथा-प्रवृत्तिहरूको तुलनात्मक अध्ययन प्रस्तुत गर्नुहोस्।

२००३

# नेपाली

आठौं पत्र

(तुलनात्मक भारतीय साहित्य र विश्वसाहित्यको सर्वेक्षण)

(द्वितीयार्द्ध)

(विश्वसाहित्यको सर्वेक्षण)

समय : दुइ घण्टा पूर्णाङ्क : ३५

१। उपन्यासकार ठमस मानको परिचय दिएर उनका साहित्यिक प्रसिद्धिका कारणहरू दर्शाउनुहोस्। १८

अथवा

अंग्रेजी रोमाण्टिक कवि वर्डस्वर्थ, कलरीज र कीट्सका साहित्यिक योगदानको मूल्याङ्कन गर्नुहोस्।

२। 'लिभ्स अफ ग्रास' कवितासंग्रहका आधारमा अमेरीकेली कवि वाल्ट व्हिटमनका काव्य-प्रवृत्तिको चर्चा गर्नुहोस्। १७

अथवा

लियो टल्सटयको साहित्यिक परिचय दिएर रूसी साहित्यमा उनले गरेका योगदानको मूल्याङ्कन गर्नुहोस्।

hhh

२००३

# नेपाली

तेह्रौं पत्र

(विशेष अध्ययन : लोक साहित्यशास्त्र र
नेपाली लोक साहित्य एवं संस्कृति)

(प्रथमार्द्ध)

(लोक साहित्यशास्त्र)

समय : दुइ घण्टा                                                        पूर्णाङ्क : ३५

१। 'लोक' शब्दबारे विवेचना गर्दै लोक साहित्यका विधाहरूको वर्गीकरण गर्नुहोस् र तिनीहरूको परिचय पनि दिनुहोस्। १८

अथवा

'लोकतत्व' का क्षेत्रहरूको विशद परिचय दिई लोकभाषाका वैशिष्टयबारे जानकारी दिनुहोस्।

२। कथानक रूढि अथवा 'कथनाभिप्राय' भन्नाले के बुझिन्छ, सोदाहरण चर्चा गर्दै 'कथनाभिप्राय' का आधारमा लोक कथाको स्वरूप ठम्याउनुहोस्। १७

अथवा

अर्थतत्ववादी र रूपतत्ववादी अध्ययन पद्धतिमाझ मूल पार्थक्य छुट्याउँदै 'ऐतिह्यभौगोलिक'-लाई विस्तृत अध्ययन र संरचनावादी पद्धतिलाई सूक्ष्म अध्ययन भन्नाको औचित्य स्पष्टयाउनुहोस्।

२००३

# नेपाली

तेह्रौं पत्र

(विशेष अध्ययनं : लोक साहित्यशास्त्र र
नेपाली लोक साहित्य एवं लोकसंस्कृति)

(द्वितीयार्द्ध)

(नेपाली लोकसाहित्य र लोक संस्कृति)

समय : दुइ घण्टा पूर्णाङ्क : ३५

१। नेपाली लोक साहित्यका प्रकीर्ण भेदहरूको सोदाहरण विवेचना गर्नुहोस्। १८

अथवा

लोकगीतको वर्गीकरणका आधारहरू स्पष्टयाउँदै कुनै एउटाका आधारमा सोदाहरण नेपाली लोकगीतको वर्गीकरण गर्नुहोस्।

२।'हाम्रो लोक संस्कृति भन्नु - खस र किरात मूलका जातिहरूका ऐतिहासिक परम्परा नै हुन्' - यस भनाइको विशद विवेचना गर्नुहोस्। १७

अथवा

लोकसाहित्य अध्ययनको सन्दर्भवादी पद्धति को परिचय दिँदै लोक परम्परा र लोकसाहित्यबीचको सम्बन्ध स्पष्ट पार्नुहोस्।

PG II (DE) / 2003

२००३

# नेपाली

पन्ध्रौं पत्र

(साहित्यिक निबन्ध)

समय : तीन घण्टा पूर्णाङ्क : ७०

१। कुनै दुइ विषयमा निबन्ध रचना गर्नुहोस् : २x३५=७०

(क) परम्परागत अलङ्कार र नयाँ बिम्बप्रतीकवादी सचेतता।

(ख) प्रगतिवाद र प्रगतिवादी नेपाली उपन्यास।

(ग) नेपाली समालोचना: थालनी, विकास र मानदण्डहरू।

(घ) जीवनमा साहित्य , सङ्गीत र कलाको प्रयोजन र मूल्य।